## खनियाबास गाउँपालिकाद्धारा प्रकाशित

# खनियाबास गाउँपालिका राजपत्र

खण्डः २ संख्याः... मितिः २०७६ फागुन १२ गते सोमबार

## भाग-२

### खनियाबास गाउँपालिका

धादिङ्ग जिल्ला

बागमती प्रदेश, नेपाल

खनियाबास गाँउपालिकाले बनाएको तल उल्लेख बमोजिमको निर्देशिका स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# संघ, संस्था दर्ता तथा नविकरण निर्देशिका, २०७६

प्रस्तावना:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) (ठ) मा व्यवस्था भए बमोजिम खनियाबास गाउँपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी सामाजिक गैर नाफामुलक संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय तहको प्रशासकीय कार्यविधि ऐन, २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम संघ, संस्था दर्ता तथा नवीकरण निर्देशिका २०७६ रहेको छ।

(२) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) संस्था भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी, सामाजिक गैर नाफामूलक कार्यहरुको विकास एवं विस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ, संस्था क्लव, आमा समूह मण्डली परिषद अध्ययन केन्द्र, समूह आदि सम्झनु पर्नेछ सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

(ख) गाउँपालिका भन्नाले खनियाबास गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले खनियाबास गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) कार्यालय भन्नाले खनियाबास गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) सम्बन्धित शाखा भन्नाले कार्यालयको प्रशासन शाखा सम्झनु पर्दछ।

(च) प्रबन्ध समिति भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्दछ।

३. दर्ता नगरी संस्था खोल्न नहुने : यस निर्देशिका बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैंन।

४. संस्थाको दर्ता र नवीकरण: खनियाबास गाउँपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न चाहने कुनै सात जना सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायका विवरण खुलाई संस्थाको विधानको एक

प्रति र गाउँपालिकाले निर्धारण गरेको दस्तुर सहित अनुसूची १ बमोजिम ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्छ ।

(क) संस्थाको नाम

(ख) उद्धेश्यहरु

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) आर्थिक स्रोत

(ङ) कार्यालयको ठेगाना

(च) संस्थाको विधान ।

२. उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ताभित्र तोकिएको शुल्क लिई अनुसूची - २ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गरी प्रमाणपत्र दिइने छ ।

३. दफा २ बमोजिम दर्ता किताबमा संस्था दर्ता गरे पश्चात् अनुसूची - ३ बमोजिम तोकिएको ढाँचामा प्रमाणपत्र दिइने छ ।

४. खनियाबास गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गरी सक्नु पर्नेछ । यदि तीन महिनाभित्र नवीकरण गरेमा नवीकरण शुल्कको शत्प्रतिशत थप शुल्क लिई चैत्र मसान्त भित्र नवीकरण गरिनेछ । चैत्र मसान्तभित्र पनि नवीकरण नगरेमा दर्ता नगरेमा दर्ता खारेज हुनेछ ।

५. संगठित संस्था मानिनेः (१) यस निर्देशिका अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविच्छिन्न उतराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न र बेचबिखन गर्न सक्नेछन् ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. संस्थाको सम्पत्ति : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिको संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यालय त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यालयले गरेको कारबाहीमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोकिए बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

७. यस कार्यविधि जारी नहुनु भन्दा अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापित भई सञ्चालनमा रहेका संस्थाले पनि यो निर्देशिका प्रारम्भ भएको मितिले तीन महिनाभित्र यसै बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. संस्थाको उद्धेश्यहरु हेरफेर : (१) संस्थाको उद्धेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखिएमा संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर सो प्रस्ताव लागू गर्न कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. हिसावको विवरण पठाउनु पर्नेः प्रबन्ध समितिले सामाजिक परिक्षण गरी आफ्नो संस्थाको हिसाबका विवरण लेखापरिक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ ।

१०. हिसाव जाँच गर्नेः कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाव कार्यालयको अधिकार प्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाव जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागतपत्रहरु वा सोधेको प्रश्नको जवाफ संस्थाको पदाधिकारी, संस्था र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाव जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्यादभित्र हिसाव जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नु पर्नेछ । र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाउँ कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न गराउन आदेश दिइनेछ ।

११. दण्ड सजायः (१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिको सदस्यहरुलाई कार्यालयले जनही १० हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई जनही तीन हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा नीजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा २ बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकारी वा पदाधिकारी सदस्य वा कर्मचारीलाई कार्यालयले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम कार्यालयको पूर्व स्वीकृती नलिई संस्थाको उद्धेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभिएमा वा संस्थाले आफ्नो उद्धेश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा र कार्यालयले दिएको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

१२. पुनरावेदनः दफा ११ बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर पैत्तीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

१३. संस्थाको विघटन र त्यस्को परिणाम : (१) संस्थाको विधान बमोजिम कार्यालय संचालन गर्न नसकि वा अन्य कुनै कारणवश विघटन भएमा त्यस्तो संस्थाको जायजेथा यस कार्यालयमा सर्नेछ ।

(२) उपदफा १ बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको जायजेथाले थामे सम्म त्यस्ता दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

१४. अधिकार प्रत्यायोजन : यो निर्देशिका कार्यन्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१५. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेः कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस निर्देशिकामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१६. खारेज र बचाउ : एक संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरित भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछ ।

(२) यस कानूनलाई प्रतिस्थापन हुनेगरी अर्को कानून बनेर लागू नभएसम्म यसै निर्देशिका अनुसार भए गरेको मानिन्छ ।

अनुसूची - १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

खनियाबास गाउँ कार्यपालिकाको कार्यालय,

दार्खा, धादिङ ।

**विषय : संस्था दर्ता गरिदिनु हुन ।**

महोदय,

हामीले ........................................................................ सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता तथा नवीकरण निर्देशिका, २०७६ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खुलाई निवेदन पेश गरेका छौं । साथै प्रस्तावित संस्थाको विधानको १ प्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण :

१. संस्थाको नाम, ठेगाना :

२. संस्थाको उद्धेश्य :

(क)

(ख)

(ग)

३. प्रवन्ध / कार्य समितिका सदस्यहरुको

| क्र.सं. | नाम, थर | ठेगाना | पेशा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

४. आर्थिक स्रोत :

५ संलग्न कागजातहरु :

१. संस्थाको विधान

२. वडा कार्यालयको सिफारिस

३. सञ्चालन समितिको पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रतिलिपि

४. संस्थाको छापको नमूना

**निवेदकको**

हस्तक्षर :

नाम, थर :

सम्पर्क नं.:

मिति :

## अनुसूची - २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### संस्था दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्धेश्य र कार्यक्षेत्र | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची - ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

संस्था दर्ता प्रमाणपत्रको ढाँचा

# खनियाबास गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, दार्खा धादिङ ।

बागमती प्रदेश, नेपाल ।

संस्था दर्ता प्रमाणपत्र

संस्था दर्ता नं. .................

श्री अध्यक्ष / सचिव

........................................................ ।

........................................................... संस्थालाई संस्था दर्ता तथा नवीकरण निर्देशिका , २०७६ को दफा ४ बमोजिम .......................... साल ...................... महिना ................गतेमा यस कार्यालयमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

दर्ता गर्ने अधिकारीको

दस्तखत :

नाम, थर :

पद :

मिति :

नवीकरण तालिका

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नवीकरण दस्तुर रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |